# विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा
# र
# कार्यान्वयन निर्देशिका
# २०६८

नेपाल सरकार
**शिक्षा मन्त्रालय**
**केशरमहल, काठमाडौं**

# भूमिका

शान्तिले माया, सद्भाव, बौद्धिकता तथा न्यायको विजारोपण गर्दछ र यसको सम्बन्ध तथा सरोकार व्यक्ति, परिवार, समुदाय तथा अन्तर्राष्ट्रिय स्तरसम्म रहन्छ । शत्रुता, लडाईं झगडा, विनास, हिंसा तथा भेदभावको स्थिति नभएको वातावरण सिर्जना गर्नु शान्ति अभियानको लक्ष्य हो । व्यक्ति, परिवार, विद्यालय, समुदाय तथा सर्वत्र क्षेत्रमा शान्ति भएमा सकारात्मक सोंचका ढोकाहरू खुल्ने गर्दछन् । विद्यालय बालबालिकाको सर्वाङ्गीण विकास गर्ने स्थान हो । विद्यालयको समग्र वातावरण र त्यहाँका सम्पूर्ण क्रियाकलापले बालबालिकाको भविष्य निर्धारण हुने गर्दछ । बालबालिकाको सर्वोपरि विकासका निम्ति विद्यालयको वातावरण शान्त, सुरक्षित र रमाईलो हुनु अपरिहार्य छ ।

विद्यालय शान्तिक्षेत्रका रूपमा स्थापना नभएसम्म नेपालले विश्वसमुदायसमक्ष प्रतिबद्धता व्यक्त गरेको सबैका लागि शिक्षा र सहश्राव्दी मानव विकास लक्ष्य पूरा गर्न कठिन छ । नेपालको राष्ट्रिय योजनामा उल्लिखित सन् २०१५ सम्ममा "सबैका लागि शिक्षा" कार्यक्रम, "शिक्षाका लागि विश्वव्यापी अभियान," त्रि-वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले अगाडि सारेको "विद्यालय क्षेत्रलाई शान्तिक्षेत्र बनाउन पहल गर्ने" भन्ने व्यवस्था, विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अघिसारेको "एक शैक्षिक वर्षभरिमा विद्यालयमा कुनै पनि राजनैतिक बाधा नपर्नेगरी विद्यालयहरू शान्तिक्षेत्र घोषित हुनेछन्" भन्ने प्रावधानहरू छन् । त्यसैगरी राजनैतिक दलहरूले बालबालिकाका सम्बन्धमा बिभिन्न समयमा लिखित प्रतिबद्धताहरू पनि व्यक्त गरेका छन् । साथै बालबालिकासँग सम्बन्धित अन्य राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा पनि बालबालिकाका शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गर्नका लागि प्रतिबद्धता व्यक्त गरिएका छन् । बालअधिकारका विभिन्न आयामहरूमध्ये उनीहरूले गुणस्तरीय शिक्षा पाउनु एउटा महत्वपूर्ण अधिकार हो । यसका लागि बालमैत्री वातावरणमा विना अवरोध, डरत्रास विद्यालय सञ्चालन हुनु जरूरी छ, अर्थात् विद्यालय शान्तिक्षेत्र कायम हुनुपर्दछ । यस पृष्ठभूमिमा विद्यालयलाई शान्तिक्षेत्र बनाउनका लागि विगत आठ वर्षदेखि बिभिन्न संघ संस्थाहरूबाट स्थानीय र राष्ट्रिय स्तरमा बिभिन्न गतिविधिहरू भैरहेको सन्दर्भमा विद्यालय शान्तिक्षेत्र सम्बन्धी सबै क्षेत्रमा राज्यका निकायहरू र यस क्षेत्रमा काम गर्ने अन्य सरोकारवालाहरू वीच साझा बुझाई विकास गरी सहकार्य गर्नु आवश्यक रहेको छ । विद्यार्थीहरूको पठनपाठनको अधिकारलाई सुनिश्चितता तथा सुलभता प्रदान गर्दै बिना व्यवधान सुव्यवस्थित र शान्त वातावरणमा विद्यालयहरूको निरन्तर सञ्चालनको सुनिश्चितताको लागि मिति २०६८ जेष्ठ ११ गते बसेको नेपाल सरकार मन्त्रीपरिषदको बैठकले विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । सोही घोषणाको कार्यान्वयनको निमित्त "**विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८**" तयार गरिएको छ । यस निर्देशिकामा उल्लिखित कुराहरू पुरा गर्न विद्यार्थी, शिक्षक, अभिभावक, नागरिकसमाज, राजनीतिक क्षेत्र, सरकारी निकाय तथा अन्य सरोकार राख्ने पक्षहरूको सहयोग अनिवार्य हुनेछ । यो निर्देशिका, सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागू हुनेछ ।

नेपालमा विगत लामोसमय र सशस्त्र द्वन्द्वको समयमा विद्यालयमा भएका नकारात्मक प्रभाव तथा सामाजिक, सांस्कृतिक, राजनीतिक र अन्य स्थानीय तथा राष्ट्रिय गतिविधिका कारण बालबालिकाको पठनपाठनमा प्रतिकूल प्रभाव परिरहेको अवस्थामा त्यसको अन्त्य गर्नका लागि विद्यालयलाई शान्तिक्षेत्र बनाउने र शान्तिक्षेत्रको निश्चित ढाँचाको आवश्यकता भइरहेको कुरालाई मध्यनजर गर्दै 'बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान'को पहलमा वि.स. २०६५ सालदेखि विद्यालय शान्तिक्षेत्र स्थापनाका लागि नेपाल सरकार शिक्षा मन्त्रालयलगायत राजनीतिक दलका प्रतिनिधिहरू, शिक्षकका संगठनहरू, विद्यार्थी सङ्गठनहरू, शिक्षाक्षेत्रमा संलग्न अन्य पेशागत संघसंस्था, अभिभावक, शिक्षक, संस्थागत विद्यालयका संचालकहरू एवं शिक्षक कर्मचारीका संगठनहरू र शिक्षाविद्समेतको छलफल, कार्यशाला र अन्तर्क्रियाबाट प्राप्त भएका राय सुझावहरूलाई समेत समेटी यो निर्देशिका तयार गरिएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयले शिक्षा नियमावली, २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम **"विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८"** रहनेछ ।

ख) यो निर्देशिका तुरून्त लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) "निर्देशिका" भन्नाले "विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८" लाई जनाउनेछ ।

ख) "विद्यालय" भन्नाले सबै तहका सामुदायिक, संस्थागत विद्यालय र बालविकास केन्द्र समेतलाई जनाउँदछ ।

ग) "विद्यालय शान्तिक्षेत्र" भन्नाले सबै विद्यालयहरू सुरक्षित, हिंसारहित तथा भेदभावरहित रूपमा सञ्चालन भइरहने शैक्षिक एवं शिक्षण-सिकाई गतिविधिमा हस्तक्षेप नहुने अवस्थालाई बुझाउने छ ।

## परिच्छेद दुई
## लक्ष्य तथा उद्देश्य

### ३. लक्ष्य

नेपालका सबै विद्यालयहरू शान्तिक्षेत्र हुनेछन् ।

### ४. उद्देश्यहरू

४.१ विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु ।

४.२ विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु ।

४.३ विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु ।

## परिच्छेद तीन
## कार्यनीति

**५. कार्यनीति** : यस निर्देशिकाका लक्ष्य र उद्देश्यहरूलाई हासिल गर्न निम्नलिखित कार्यनीतिहरू अवलम्वन गरिनेछन् :-

**५.१ आचारसंहिता कार्यान्वयन** : विद्यालयलाई शान्तिक्षेत्र बनाउनका लागि शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनले अपनाउनुपर्ने आचारसंहिता बनाई प्रयोग गरिनेछ । यस्तो आचारसंहिता स्थानीय परिवेश र आवश्यकताबमोजिम तयार गरी कार्यान्वयन गरिने ।

**५.२ सरोकारवालाहरूसँगको साझेदारी** : राजनीतिक दल तथा सोसँग आवद्ध सङ्गठनहरू, शैक्षिक निकाय, विद्यार्थी सङ्गठन, शैक्षिक पेशागत संघ सङ्गठनहरू र सम्बन्धित सरकारी गैरसरकारी एवं निजी क्षेत्रसँग केन्द्रीय, जिल्ला, समुदाय र विद्यालयतहमा साझेदारी र सहकार्य गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गरिने ।

**५.३ नीतिगत र संरचनागत व्यवस्था** : विद्यालयलाई शान्तिक्षेत्रका रूपमा नियमित सञ्चालनको लागि आवश्यक

राष्ट्रिय नीति, अनुगमन तथा कार्यान्वयनको संस्थागत संरचना विकास गर्ने, त्यसलाई आवश्यक सुधार गर्ने र निरन्तर क्रियाशील गराउनेतर्फ यस राष्ट्रिय निर्देशिकाको प्राथमिकता रहने ।

५.४ **अध्ययन अनुसन्धान :** स्थानीय परिवेशअनुसार विद्यालयलाई शान्तिक्षेत्रको नमुनाको रूपमा विकास गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गरी प्रचार-प्रसार गर्ने ।

५.५ **प्रवर्द्धन र सचेतना :** विद्यालय शान्तिक्षेत्रको सम्बन्धमा भएका असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने र यसको प्रभावकारी कार्यान्वयन गर्नका लागि सबै तहमा सचेतना अभिवृद्धि गर्ने ।

५.६ **बालसहभागिता :** विद्यालयलाई शान्तिक्षेत्र बनाउन बालसहभागिता सुनिश्चित गर्नका लागि विद्यार्थी तथा बालक्लबलाई सक्रिय सहभागी गराईने ।

५.७ **सञ्चारक्षेत्रसँग समन्वय तथा सहकार्य :** विद्यालय शान्तिक्षेत्र सम्बन्धी गतिविधिको कार्यान्वयन, अनुगमन र प्रबर्द्धनलगायतका कार्यका लागि सञ्चारक्षेत्रसँग सहकार्य गरिने ।

५.८ **सामाजिक परीक्षणमा समावेश गराउने :** विद्यालय शान्तिक्षेत्र सम्बन्धी गतिविधिलाई विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य र महत्वपूर्ण विषयको रूपमा समावेश गरिने ।

## परिच्छेद चार
## क्रियाकलापहरू

६. **क्रियाकलापहरू :** यो निर्देशिकाको उद्देश्य परिपूर्तिका लागि निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछन् :-

६.१ **उद्देश्य १ : विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु ।**

विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु भन्नाले निम्न अवस्थालाई बुझाउनेछ :

क) विद्यालय हाता र यसको वरिपरि सशस्त्र गतिविधि नभएको ।

ख) विद्यालय क्षेत्रमा सशस्त्र द्वन्द्वरत पक्ष वा सशस्त्र समूहको उपस्थिति नभएको ।

ग) कुनै पनि सशस्त्र गतिविधिका लागि विद्यालयको प्रयोग नभएको ।

घ) विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका सदस्यहरू अपहरणमा पर्ने, सशस्त्र समूह वा फौज गतिविधिमा भर्ती हुनुपर्ने, गैरकानुनी पक्राउ पर्ने, विभिन्न पक्षबाट यातना र धम्की प्राप्त हुने घटना नभएको ।

ङ) विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई सशस्त्र द्वन्द्वरत पक्षबाट प्रयोग नगरिएको ।

च) कुनै समूह वा द्वन्द्वरत पक्षले विद्यालय हाता र यसको वरिपरि प्रशिक्षण वा सशस्त्र गतिविधि सञ्चालन र सुराकी गर्ने नगरेको ।

छ) विद्यालय हाता र यसको वरिपरिकुनै पनि प्रकारको हतियार तथा शैक्षिक प्रयोजनका लागि बाहेक जैविक-रसायनिक विस्फोटक पदार्थ लिई प्रवेश नभएको ।

ज) कुनै पनि वहानामा विद्यालयलाई आक्रमण गर्ने, निसाना बनाउने, ढालको रूपमा प्रयोग गर्ने, वा भौतिक क्षति पुऱ्याउने र जर्वजस्ती चन्दा असुल गर्ने नगरिएको ।

झ) विद्यालय हाता र यसको वरिपरि कुनै पनि बहानामा हिंसात्मक कार्य वा हिंसालाई बढावा दिने खालका कार्य हुने नगरेको ।

ञ) विभिन्न आस्था तथा विश्वास भएका विद्यार्थीहरू तथा शिक्षकहरूबीचमा आपसी सद्भाव कायम भएको ।

### ६.१.१ मुख्य क्रियाकलापहरू :

क) विद्यालयलाई शान्तिक्षेत्र बनाउनको लागि विद्यालय परिवार र समुदायले पालना गर्नुपर्ने आचारसंहिता उनीहरूकै सहभागितामा निर्माण गरी कार्यान्वयन गर्ने ।

ख) विद्यालयलाई सशस्त्र गतिविधिबाट मुक्त राख्न स्थानीय र राष्ट्रिय स्तरमा सार्वजनिक रूपमा अपिल जारी गर्ने ।

ग) स्थानीयस्तरमा मानवअधिकार र बालअधिकारमा क्रियाशील संघ संस्थाहरू र नागरिकसमाजद्वारा द्वन्द्वरत पक्षसँग सम्पर्क गरी विद्यालयलाई हिंसामुक्त राख्न प्रतिवद्ध गराउन मध्यस्थता, वार्ता, छलफल र अन्य उपायहरूका लागि पहल गर्ने ।

घ) विद्यालयलाई सशस्त्र गतिविधिबाट मुक्त राख्नेबारे विद्यालयहातामा सबैले देख्ने गरी होर्डिङ बोर्ड राख्ने र आम सञ्चार माध्यमबाट प्रचार-प्रसार गर्ने ।

ङ) विद्यालयमा सशस्त्र हिंसात्मक क्रियाकलापको सत्यतथ्य पत्ता लगाई घटना सार्वजनिक गर्ने र त्यसबाट प्रत्यक्ष प्रभावित विद्यालय र पीडितलाई आपतकालीन सहयोग प्रदान गर्ने ।

च) विद्यालयमा सशस्त्र वा हिंसात्मक गतिविधि नरोकिएमा स्थानीय तहमा आवश्यक बहुपक्षीय संयन्त्रको विकास गरी त्यसको रोकथामको लागि पहल गर्ने ।

छ) विद्यालयमा सशस्त्र वा हिंसात्मक गतिविधि निरन्तर भइरहेमा सम्वन्धित पक्षलाई त्यसो नगर्न दवाव सिर्जना गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था वा निकायको ध्यानाकर्षण गराउने ।

ज) विद्यालयलाई शान्तिक्षेत्र बनाउनका निमित्त हिंसात्मक वा सशस्त्र गतिविधिमा संलग्न व्यक्ति वा समूहलाई दवाव सिर्जना गर्नको लागि समुदायलाई मानवअधिकार र शान्ति निर्माणको ज्ञान र सीप विकास गर्ने सम्बन्धी कार्य गर्ने ।

झ) सशस्त्र तथा हिंसात्मक गतिविधिबाट बालबालिकामा पर्ने नकारात्मक असरका सम्बन्धमा सचेतना सामग्रीहरू निर्माण गरी प्रचार-प्रसार गर्ने ।

ञ) विद्यालयमा सर्वपक्षीय बैठक गरी कुनै पनि प्रकारका हिंसा र सशस्त्र गतिविधि निषेधसम्बन्धी आवधिक समीक्षा गरी थप सुधारात्मक काम गर्ने ।

ट) जेनेभा महासन्धि र बालअधिकारसम्बन्धी महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकासम्बन्धी ऐच्छिक आलेख तथा सशस्त्र द्वन्द्वसँग सम्बन्धित राष्ट्रिय कानुनको प्रचार-प्रसार गर्ने ।

### ६.२ उद्देश्य २ : विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु ।

विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु भन्नाले निम्न अवस्थालाई बुझाउनेछ :

क) विद्यालयमा दलगत राजनीतिक हस्तक्षेप र प्रभाव नभएको ।

ख) विद्यालयहाताभित्र दलगत राजनीतिक गतिविधि आमसभा, गोष्ठी, अभिमुखीकरण आदि नभएको तथा दलगत राजनीतिक तथा अन्य सभा सम्मेलन र जुलुसमा विद्यार्थीलाई प्रयोग गर्ने नगरिएको ।

ग) विद्यार्थीलाई संलग्न गराई दलगत राजनीतिसम्बद्ध संघ, सङ्गठन गठन नभएको ।

घ) कुनै पनि दलीय राजनीतिक तथा अन्य स्वार्थका लागि विद्यालय बन्द, हडताल र पठनपाठनमा अवरोध गर्ने जस्ता क्रियाकलापहरू नभएको ।

ङ) विद्यालय परिसरमा कुनै पनि राजनितिक दलको नारा, प्रचार सामग्री आदि नलेखिएको वा नटाँसिएको ।

च) बालबालिकाको शिक्षणसिकाइ क्रियाकलाप, स्वास्थ्य, विकासलगायत सर्वोत्तम हित हुने बाहेक विद्यालय हातामा सरकारी तथा गैरसरकारी संस्था र समुदायबाट गरिने सामाजिक, साँस्कृतिक तथा वैयक्तिक स्वार्थजन्य क्रियाकलापहरू सञ्चालन नभएको ।

### ६.२.१ मुख्य क्रियाकलापहरू :

क) शैक्षिक गतिविधिलाई असर पार्ने गरी विद्यालयमा राजनीतिक गतिविधि नगर्न राजनीतिक दल र तिनसँग सम्बद्ध सङ्गठनहरूसँग स्थानीय र राष्ट्रिय तहमा अन्तर्क्रिया र संवाद गर्ने तथा प्रतिवद्ध बनाउने ।

ख) राष्ट्रियदेखि स्थानीय तहमा राजनीतिक दल, सरकारी, गैरसरकारी र निजी संघसंस्थाको सहभागितामा

शैक्षिक गतिविधिमा असर पार्ने क्रियाकलाप नगर्न सहमति गर्ने गराउने ।

ग) विद्यालय स्तरमा विद्यालय परिवार र समुदायको सहभागितामा आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने ।

घ) विद्यालयहाताभित्र र यसको वरिपरि विद्यालय सञ्चालनमा बाधा पुग्नेगरी राजनीतिक सभा, सम्मेलन, नारा, जुलुस वा विरोधका गतिविधि सञ्चालन गर्न बन्देज गर्ने ।

ङ) विद्यालयलाई शान्तिक्षेत्र बनाउने सम्बन्धमा माथि उल्लिखित निकायहरूको प्रतिवद्धता र उनीहरूले पालना गर्न बनाईएको आचारसंहिताको कार्यान्वयनको अनुगमन गरी सार्वजनीकरण गर्ने ।

च) दलीय राजनीतिक स्वार्थप्रेरित गतिविधिले पठनपाठनमा पार्ने असरसम्बन्धी जनचेतना जगाउने ।

### ६.३ उद्देश्य ३ : विद्यालयलाई भेदभाव, हिंसा, दुर्व्यबहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु ।

विद्यालयलाई भेदभाव, हिंसा, दुर्व्यबहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु भन्नाले निम्न अवस्थालाई बुझाउनेछ :

क) विद्यालय हातामा जातिय, सांस्कृतिक, लैङ्गिक, भाषिक, भौगोलिक, क्षेत्रीय, वर्गीय, शारीरिक क्षमता, राजनीतिक आस्था र धार्मिक विश्वासलगायतका आधारमा शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक वा अन्य कसैलाई भेदभाव, हिंसा, दुर्व्यवहार र शोषण नभएको ।

ख) विद्यालयमा शारीरिक र मानसिक सजाय नदिने सुनिश्चितता भएको ।

ग) विद्यार्थीहरूलाई शैक्षिक क्रियाकलाप र सिकाइमा बाधा पार्ने गरी इच्छा तथा क्षमता विपरीत शारीरिक श्रममा नलगाइने सुनिश्चितता भएको ।

घ) विद्यालयमा बालसंरक्षणका लागि बालक्लव, विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय रहेको ।

### ६.३.१ मुख्य क्रियाकलापहरू :

क) विद्यार्थी, शिक्षक, अभिभावकसमेतको सहभागितामा विद्यालयमा हुने भेदभाव, हिंसा, दुर्व्यवहार र शोषणका घटना, व्यवहार र गतिविधिको पहिचान गर्ने ।

ख) विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र कर्मचारीहरूबीच छलफल गरी भेदभाव, शोषण र दुर्व्यवहार हटाउन आचारसंहिता निर्माण गरी लागू गर्ने गराउने ।

ग) विद्यालयमा हुने हिंसा, भेदभाव, दुर्व्यवहार र शोषणबाट रोकथाम, त्यसको उपचार प्रकृया तथा सेवाप्रदायक निकायका बारेमा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिलाई जानकारी गराउने ।

घ) विद्यालयमा हुने हिंसा, भेदभाव, दुर्व्यवहार र शोषणबाट विद्यार्थीलाई संरक्षण गर्नका लागि बालक्लवको क्षमता अभिवृद्धि गरी उनीहरूको सहभागिता बढाउने ।

ङ) विद्यालयमा हुने हिंसा, भेदभाव, दुर्व्यबहार, बेवास्ता र शोषणबाट पीडित विद्यार्थीका समस्याको अनुगमन र सम्बोधन गर्ने विद्यालयस्तरीय बालसंरक्षण समितिको स्थापना तथा विकास गर्ने ।

## परिच्छेद पाँच
## कार्यान्वयन तथा अनुगमन

७. विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचाको कार्यान्वयनका लागि सरकारी, गैरसरकारी, निजीक्षेत्र, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा कर्मचारी, विद्यार्थी, अभिभावक, राजनीतिक दल तथा समुदयामा रहेका विभिन्न संघसंस्थाहरू सबैको महत्वपूर्ण भूमिका रहन्छ । यस राष्ट्रिय ढाँचाको कार्यान्वयन तथा अनुगमनका लागि निम्नबमोजिमको संरचना र कार्यपद्धति अपनाइनेछ :

७.१. विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाचाको कार्यान्वयन तथा अनुगमनका लागि समन्वय र नेतृत्व गर्ने मुख्य

जिम्मेवारी स्थानीय तहमा विद्यालय र क्रमशः जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालयले वहन गर्नेछन् ।

७.२. जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग तथा शिक्षा मन्त्रालयमा विद्यालय शान्तिक्षेत्र सम्बन्धी कार्य गर्न गराउन एक इकाईको व्यवस्था गरिनेछ ।

७.३. शिक्षा विभागको संयोजकत्वमा बालबालिकाको अधिकारका क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, निजीक्षेत्र एवं नागरिकसमाजको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको एक **केन्द्रीय संयोजन समिति** रहनेछ ।

**७.३.१ गठनः**

**संयोजक** : शिक्षा विभागका महानिर्देशक १ जना

**सदस्यहरू :**

क) उपसचिव, शिक्षा मन्त्रालयबाट १ जना

ख) उपसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट १ जना

ग) उपसचिव, शान्ति तथा पुर्ननिर्माण मन्त्रालयबाट १ जना

घ) उपसचिव, गृह मन्त्रालयबाट १ जना

ङ) प्रतिनिधि, राष्ट्रिय मानवअधिकार आयोगबाट १ जना

च) प्रतिनिधि, केन्द्रीय बाल कल्याण समितिबाट १ जना

छ) प्रतिनिधि, शैक्षिक जनशक्ति विकास केन्द्रबाट १ जना

ज) प्रतिनिधि, पाठ्यक्रम विकास केन्द्रबाट १ जना

झ) प्रतिनिधि, युनिसेफबाट तोकेको १ जना

ञ) बालअधिकारका क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्थाहरूमध्येबाट संयोजकले तोकेका २ जना

ट) बालअधिकारका क्षेत्रमा क्रियाशील राष्ट्रिय सञ्जाल तथा संस्थाहरूमध्येबाट संयोजकले तोकेका ३ जना

ठ) बालअधिकार तथा शान्तिका क्षेत्रमा क्रियाशील विज्ञमध्येबाट समितिले तोकेको २ जना

ड) शिक्षा पत्रकारहरू मध्येबाट समितिले तोकेको व्यक्ति १ जना

ढ) प्रतिनिधि, शिक्षक युनियनबाट १ जना

ण) प्रतिनिधि, संस्थागत विद्यालयहरूबाट समितिले तोकेको बाट १ जना

त) सदस्य सचिव, शिक्षा विभागको विद्यालय शान्तिक्षेत्र इकाई प्रमुख १ जना

**७.३.२ केन्द्रीय संयोजन समितिको काम, कर्तव्य र अधिकार**

क) निर्देशिकाको कार्यान्वयनका लागि कार्ययोजना निर्माण गर्ने ।

ख) विद्यालय शान्तिक्षेत्रको अवस्था पहिचान, अनुगमन र निर्देशिकाको कार्यान्वयन अवस्था अध्ययन तथा विश्लेषण गरी सुझाव दिनका लागि कार्यदलको गठन गर्ने ।

ग) कार्यदलले प्रस्तुत गरेको अध्ययन प्रतिवेदन लगायत इकाइबाट प्रस्तुत गरेका प्रतिवेदनहरू विश्लेषण गरी कार्यान्वयन गर्ने ।

घ) निर्देशिकाको उद्देश्यबमोजिम कार्ययोजना कार्यान्वयन तथा अन्य गतिविधिलाई सम्बोधन गर्न आवश्यक स्रोतको पहिचान, परिचालन तथा उपयोग गर्ने, गराउने ।

ङ) निर्देशिकाको कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, बिभाग, आयोगलगायतका सरकारी तथा गैररसकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने, गराउने ।

च) राजनीतिक दल, तिनका सम्बद्ध संस्था, विद्यार्थी तथा शिक्षक युनियन, पत्रकार लगायत अन्य समूहहरूसँग वार्ता र छलफल गरी विद्यालय शान्तिक्षेत्र स्थापनाका लागि आवश्यक कार्य गर्ने, गराउने ।

छ) विद्यालय शान्तिक्षेत्र सम्बन्धी जिल्ला र स्थानीय तहमा दिनुपर्ने निर्देशनलगायतका बिषयमा शिक्षा बिभाग तथा शिक्षा मन्त्रालयलाई आवश्यक सुझाव दिने ।

ज) विद्यालय शान्तिक्षेत्र सम्बन्धी बिषयहरूलाई पाठ्यक्रम तथा शिक्षक तालिमहरूमा समावेश गर्ने ।

झ) विद्यालय शान्तिक्षेत्र बारेमा बार्षिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने ।

ञ) विद्यालय शान्तिक्षेत्रको अवधारणा, ढाँचा र बिभिन्न पक्षहरूको भूमिकाको बारेमा सञ्चार क्षेत्रबाट प्रचार-प्रसार गर्ने ।

ट) जिल्ला संयोजन समितिको गठनका लागि सहजीकरण गर्ने, गराउने ।

ठ) यस निर्देशिका कार्यान्वयन र अनुगमनका सन्दर्भमा आवश्यक प्रतिवेदनको खाका जिल्लास्थित संयोजन समितिलाई पठाउने ।

ड) विद्यालय शान्तिक्षेत्रसम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

ढ) यो समितिको बैठक कम्तिमा तीन तीन महिनामा एकपल्ट बस्ने ।

८. विद्यालय शान्तिक्षेत्र सम्बन्धी कार्य गर्न, गराउन देहायबमोजिम जिल्ला स्तरीय संयोजन समिति गठन हुनेछ ।

८.१ **गठन :**

**संयोजक :** जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत एक जना

**सदस्यहरू :**

क) अधिकृत, जिल्ला प्रसाशन कार्यालयबाट १ जना

ख) प्रतिनिधि, जिल्ला विकास समितिबाट १ जना

ग) अधिकृत, महिला तथा बालबालिका कार्यालयबाट १ जना

घ) प्रतिनिधि, शिक्षक युनियन र शिक्षकका पेशागत संघ सङ्गठनबाट संयोजकको मनोनयनबाट २ जना

ङ) प्रतिनिधि, शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूमध्येबाट, संयोजकले तोकेको २ जना

च) प्रतिनिधि, जिल्ला बालकल्याण समितिले तोकेको शिक्षा वा बालअधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूमध्येबाट १ जना

छ) प्रतिनिधि पत्रकार १ जना

ज) सदस्य सचिव, जिल्ला इकाई प्रमुख, शिक्षा कार्यालय १ जना

८.२ **काम, कर्तव्य र अधिकार**

क) निर्देशिकाको कार्यान्वयनका लागि जिल्लास्तरीय कार्ययोजना निर्माण गर्ने ।

ख) निर्देशिकाको उद्देश्यबमोजिम कार्ययोजना कार्यान्वयन तथा अन्य गतिविधिलाई संवोधन गर्न आवश्यक स्रोतको पहिचान, परिचालन तथा उपयोग गर्ने, गराउने ।

ग) निर्देशिकाको कार्यान्वयनका लागि बिभिन्न कार्यालय, आयोगलगायतका सरकारी तथा गैररसकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने, गराउने ।

घ) जिल्लास्थित राजनीतिक दल, तिनसँग सम्बद्ध संस्था, विद्यार्थी तथा शिक्षकका पेशागत संघसंस्थाहरू, गैरसरकारी, निजीक्षेत्र, पत्रकारलगायत अन्य समूहहरूसँग वार्ता र छलफल गरी विद्यालय शान्तिक्षेत्र स्थापनाका लागि आचारसंहिता निर्माणलगायत आवश्यक कार्य गर्ने, गराउने ।

ङ) विद्यालय शान्तिक्षेत्र सम्बन्धी स्थानीय तहमा निर्देशन दिने तथा यस विषयमा केन्द्रीय संयोजन समितिमा आवश्यक सूचना, जानकारी र प्रतिवेदन पठाउने ।

च) विद्यालय शान्तिक्षेत्र बारेमा जिल्लास्तरीय वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।

छ) विद्यालय शान्तिक्षेत्रको अवधारणा, ढाँचा र विभिन्न पक्षहरूको भूमिकाको बारेमा सञ्चार माध्यमबाट प्रचार-प्रसार गर्ने ।

ज) विद्यालयस्तरीय बालसंरक्षण समितिको गठनका लागि सहजीकरण गर्ने, गराउने ।

झ) अनुगमन नतिजाको आधारमा सम्वन्धित पक्षसँग सम्वाद र छलफल गरी त्यसलाई पालना गर्न, गराउन आवश्यक कार्य गर्ने ।

ञ) विद्यालय शान्तिक्षेत्र स्थापना गर्नका लागि आवश्यक अवधारणा र सीप विकासको लागि विभिन्न सरोकारवालाहरूको आपसी समन्वयमा सम्वन्धित पक्षको क्षमता अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने ।

ट) घटनाको गाम्भीर्यताको आधारमा आवश्यक सत्यतथ्य सङ्कलन गरी गराई त्यसको जानकारी केन्द्रीय संयोजन समिति तथा अन्य सरोकार निकायमा पठाउने ।

ठ) घटनामा बालबालिकालाई क्षति भएको खण्डमा त्यसको उपचारका लागि तुरुन्त आवश्यक कार्य गर्ने ।

ड) विद्यालय शान्तिक्षेत्रसम्बन्धी प्रभावकारी कार्य गर्ने विद्यालयलस्तरीय बालसंरक्षण समितिलाई प्रोत्साहित र पुरस्कृत गर्ने ।

ढ) आवश्यकता अनुसार यस समितिको मातहतमा बालअधिकार र शिक्षाका क्षेत्रमा क्रियाशील संस्थाहरूको संयोजकत्वमा अनुगमन, मूल्याङ्कन आदिका लागि टोली गठन गर्न सक्ने ।

ण) विद्यालय शान्तिक्षेत्र सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

त) समितिको बैठक कम्तिमा हरेक दुई महिनामा एकपल्ट बस्ने ।

९. स्रोतकेन्द्रमा हुने प्रधानाध्यापकको नियमित बैठकमा शिक्षण सिकाइका क्रियाकलापका गतिविधि जस्तै गरी विद्यालयस्तरीय बालसंरक्षण समितिको सूचनासमेतका आधारमा प्रधानाध्यापकले विद्यालय शान्तिक्षेत्र सम्बन्धी गतिविधिका बारेमा पनि अनिवार्य विषयका रूपमा छलफल गरी बैठकको निर्णय पुस्तिकामा उल्लेख गरिनेछ । विद्यालय निरीक्षकले यस कार्यको अनुगमन गरी सोको प्रतिवेदन जिल्लास्थित विद्यालय शान्तिक्षेत्र सम्बन्धी इकाईमा अनिवार्य रूपमा पेश गर्नेछ ।

१०. विद्यालयस्तरमा विद्यालय शान्तिक्षेत्र र बालअधिकार संरक्षणसम्बन्धी कार्य गर्न, गराउन देहायबमोजिमको विद्यालयस्तरीय बालसंरक्षण समिति गठन हुनेछ ।

**१०.१ गठन**

विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक, स्थानीय राजनीतिक दल र दलसँग सम्बद्ध सङ्गठनका प्रतिनिधिहरूसहितको भेला आयोजना गरी समितिको उद्देश्य, काम कर्तव्य र अधिकारका साथै सो समितिमा रहने सदस्य र सँख्या बारे जानकारी दिई देहाय बमोजिमको समिति गठन गर्ने ।

**संयोजक :** प्रधानाध्यापकले तोकेको शिक्षक १ जना

**सदस्यहरू:**

क) विद्यालयमा अध्ययनरत बिद्यार्थीहरूको बालक्लब वा सो नभए आफूहरूमध्येबाट छनौट गरिएका विद्यार्थी प्रतिनिधि (१ जना छात्रा र १ जना छात्र) २ जना

ख) शिक्षकहरूले आफूमध्येबाट छानि पठाएको प्रतिनिधि १ जना - (उपलब्ध भएसम्म महिला शिक्षक अनिवार्य)

ग) अभिभावक मध्येबाट शिक्षक अभिभावक संघ वा व्यवस्थापन समितिले तोकेको अभिभावक १ जना

घ) विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि १ जना

ङ) स्थानीय बालअधिकारकर्मी वा समाजसेवीमध्येबाट बालसंरक्षण समितिले तोकेको व्यक्ति १ जना

**१०.२ काम, कर्तव्य :**

क) विद्यालय शान्तिक्षेत्र तथा बालसंरक्षणसम्बन्धी विद्यालयस्तरीय वार्षिक कार्ययोजना तयार गर्ने ।

ख) विद्यालयलाई शान्तिक्षेत्र बनाउनका लागि आवश्यक आचारसंहिता सहभागितामूलक ढङ्गले निर्माण गर्ने र सोको कार्यान्वयन भए नभएको अनुगमन गरी रेकर्ड राख्ने ।

ग) बालअधिकार हनन्का घटनाहरूको सन्दर्भमा सत्यतथ्य सङ्कलन गर्ने तथा विद्यार्थी, शिक्षक लगायतबाट आएका गुनासो, उजुरी एवं सुझावहरू लिई सोको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने, गराउने ।

घ) विद्यालय शान्तिक्षेत्र सम्बन्धी आचारसंहिताको उल्लघन भएको वा कुनै गम्भीर प्रकृतिका हिंसा, भेदभाव, दुर्व्यवहार र शोषण भएको पाईएमा त्यसको सत्य तथ्य पता लगाई सोको कारवाहीका लागि सम्बन्धित निकायमा आवश्यक जानकारी गराउने ।

ङ) विद्यालय शान्तिक्षेत्रको प्रचारप्रसार र प्रबर्द्धनसम्बन्धी कार्य गर्ने ।

च) प्रत्येक महिना कम्तिमा एक पटक बैठक बसी समितिले आफ्नो नियमित गतिविधि विवरण प्रधानाध्यापकलाई पेश गर्ने । प्रधानाध्यापक सम्बन्धी कुनै गुनासो भएमा वा समितिको निर्णयहरू प्रधानाध्यपकले स्रोतकेन्द्रमा पुर्‍याउन नसकेको अवस्थामा सोसम्बन्धी संकलित तथ्य सूचना स्रोतकेन्द्रमा पेश गर्ने ।

छ) विद्यालयको वार्षिक सुधार योजना निर्माण प्रक्रियामा यस निर्देशिका कार्यान्वयनसम्बन्धी पक्षलाई समेटने ।

ज) बालअधिकार र शान्तिसम्बन्धी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

११. यस निर्देशिकाको कार्यान्वयनको सन्दर्भमा अभिमुखीकरण गर्ने तथा यससम्बन्धी उल्लिखित संरचनाहरूलाई सुदृढीकरण र संस्थागत गर्न आवश्यक सहयोग गर्नु तथा सहभागिता जनाउनु बालअधिकार र शिक्षाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूलगायत सबै सरोकारवालाको कर्तव्य हुनेछ ।

१२. यस निर्देशिकासम्बन्धी गतिविधिहरूलाई शिक्षा मन्त्रालयअन्तर्गतका सबै तहका संयन्त्र एवं क्रियाकलापहरूमा अन्तर्सम्बन्धित विषयका रूपमा समेत लिई कार्यान्वयन गरिनेछ ।

१३. यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा आवश्यक पर्ने अतिरिक्त स्रोतका लागि बालबालिका, शिक्षा, मानवअधिकार, तथा शान्ति स्थापनाका क्षेत्रमा क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय र बहुराष्ट्रिय एवं संयुक्त राष्ट्रसंघीय संघसंस्था तथा निकायहरूको संयोजन र सहयोगमा स्रोत परिचालन गरिनेछ ।

## परिच्छेद ६
## विविध

१४. यस निर्देशिकामा प्रयोग भएका शब्द तथा वाक्यांशहरूको अर्थ यस निर्देशिकाको प्रयोजनका लागि निम्नानुसार हुनेछ :

**१४.१. सशस्त्र गतिबिधि :**

क) विद्यालय हातामा हतियारधारी व्यक्ति प्रवेश गर्ने, तैनाथ गर्ने, क्याम्प खडा गर्ने वा सैनिक प्रयोजनका निम्ति विद्यालय उपयोग गर्ने ।

ख) विद्यालय हातामा तथा नजिक बम तथा विस्फोटक पदार्थ बिछ्याउने, पड्काउने, भण्डारण गर्ने ।

ग) विद्यालय क्षेत्रमा विद्यार्थीलाई त्रसित पार्ने किसिमका सशस्त्र एवं हिंसात्मक कार्य गर्ने, विद्यालयबाट कुनै पनि शिक्षक, विद्यार्थीलाई पक्राउ गर्ने, अपहरण गर्ने, यातना दिने ।

घ) सशस्त्र द्वन्द्वका लागि विद्यालयमा भेला हुने बैठक गर्ने वा लुक्ने लुकाउने वा घेरामा हाल्ने वा सो आफ्नो कब्जामा लिई सशस्त्र गतिविधिमा प्रयोग गर्ने ।

**१४.२ हिंसात्मक गतिविधि :**

कुनैपनि समूहद्वारा विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी, विद्यालय व्यबस्थापन समितिलाई प्रभाव पार्नेगरी हतियार देखाउने, त्रास फैलाउने, कुटपिट गर्ने, विद्यालय बन्द गराउने, बल प्रयोग गर्ने, धम्की दिने, जवर्जस्ति चन्दा असुल गर्ने, तर्साउने गतिबिधिहरू ।

**१४.३ विद्यालयमा राजनीतिक हस्तक्षेप :**

क) विद्यालयमा विद्यार्थीलाई केन्द्रित गरी राजनीतिक दल वा दलसँग सम्बद्ध सङ्गठन निर्माण र सञ्चालन ।

ख) शैक्षिक गतिविधिमा अवरोध पुग्ने गरी राजनीतिक प्रयोजनका लागि विद्यालय हाता तथा विद्यालयको सम्पतिको प्रयोग ।

ग) शैक्षिक गतिविधिमा अबरोध पुग्ने गरी दलगत राजनीतिक प्रयोजनका निम्ति बिद्यार्थी र शिक्षकको प्रयोग ।

घ) दलगत स्वार्थपूर्तिका लागि विद्यालय व्यवस्थापन तथा सञ्चालनमा अनुचित प्रभाव र बल प्रयोग ।

**१४.४ विद्यालयको शैक्षिक गतिविधिमा बाधा पार्ने अन्य गतिविधि :**

शैक्षिक गतिविधिमा बाधा पर्नेगरी विद्यालय परिसरमा गरिने विबाह, भोज, जात्रा, मेला तथा वैयक्तिक प्रयोग आदि ।

**१४.५ भेदभाव**

क) लैङ्गिक, जातिय, क्षेत्रीय, भौगोलिक, वर्गीय, धार्मिक, साँस्कृतिक, राजनीतिक आस्था, शारीरिक र मानसिक अवस्था, वर्ण, भाषिकलगायत कुनैपनि आधारमा विद्यार्थीलाई फरक व्यवहार गर्ने, कसैलाई अवसर वा प्राथमिकता दिने या कसैलाई नदिने, हेप्ने वा होच्याउने,

ख) आमा बुवा र परिवारको आस्था, वर्ण, धर्म, विचार, शारीरिक तथा आर्थिक स्थितिको आधारमा भिन्न व्यवहार गर्ने ।

**१४.६ दुर्व्यवहार**

बालबालिकाको शारीरिक, मानसिक तथा भावनात्मक बिकासमा आघात पर्ने गरी गरिएको व्यवहार ।

**क) शारीरिक दुर्व्यवहार :** आफ्नो रीस पोख्न होस् वा अनुशासन कायम गर्ने वा सजाय दिने जुनसुकै बहानामा पिट्नु, गाह्रो काम लगाउनु, भारी बोकाउनु, कुनै पनि तरिकाले शारीरिक चोट पुऱ्याउनु, रक्सी, चुरोट, अन्य सूर्तीजन्य र नशालु पदार्थ खान सिकाउनु, उक्साउनु, बाध्य पार्नु वा वाहक बनाइनु ।

**ख) मानसिक तथा भावनात्मक दुर्व्यबहार :** चित्त दुख्ने गरी गाली गर्नु, बालबालिकालाई ललाइफकाई वा दवाबमा पारेर आफ्नो स्वार्थका निम्ति प्रयोग गर्नु, बालबालिकाको भावनाको वास्ता नगर्नु, जिस्काउनु, खिल्ली उडाउनु, नराम्रो नाम काढेर बोलाउनु, व्यङ्य वा उपहास गर्नु आदि ।

**ग) बेवास्ता वा उपेक्षा :** बालबालिकालाई रेखदेख, हेरचाह नगर्नु, शिक्षालाई बेवास्ता गर्नु, पोषण तथा औषधोपचारको आवश्यकतालाई बेवास्ता गर्नु, बालबालिकाका कुरा नसुन्नु ।

**घ) यौन दुर्व्यवहार :** यौन आशय झल्कने गरी गरिने कुनै पनि कार्य वा यौन आनन्दका निम्ति गरिएका छुवाईहरू सम्बन्धहरू जस्तै : संवेदनशील अङ्गहरूमा छुनु, छुन लगाउनु, अश्लील चित्रहरू, चलचित्र वा क्रियाकलाप देखाउनु, अश्लील कुराकानी गर्नु, संवेदनशील अङ्गहरू देखाउनु, हेर्नु वा तस्वीर, भिडियो खिच्नु, यौन सम्पर्क गर्नु गराउनु, बालविवाह गर्नु गराउनु ।

**१४.७ शोषण**

क) बिभिन्न बहानामा बिद्यार्थीहरूबाट शैक्षिक गतिविधिबाहेक शिक्षकले आफ्नो वा विद्यालयका लागि नगद वा जिन्सी लिईनु ।

ख) शारीरिक, मानसिक रूपमा नकारात्मक असर पर्नेगरी काम, श्रम तथा यौनकार्यमा लगाईनु ।

**१४.८ बालअधिकार उल्लंघनबाट पीडितको उपचार**

विद्यालयभित्र भएका कुनैपनि हस्तक्षेप तथा भेदभाव, दुर्व्यबहार, शोषण, हिंसाबाट प्रभावित विद्यार्थीलाई तत्काल आवश्यकताअनुरूप मनोसामाजिक हेरचाह तथा औषधोपचार गरी आवश्यक संरक्षण एवं अन्य कारवाहीका निम्ति सम्बन्धित संघसंस्था वा निकायमा संयोजन गरी आवश्यक सहयोग तथा सेवा उपलब्ध गराउने ।